# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ३४**

मिति २०८१।०४।२८

## छलफल तथा निर्णय

निर्णयहरु

१. चालु वर्षको वर्षायाम शुरु भएपश्चात विभिन्न समयमा परेको भिषण वर्षाले गर्दा भएको प्राकृतिक प्रकोपका कारण सुदूरपश्चिम प्रदेशका भौतिक पुर्वाधार, उद्योग, पर्यटन, वन तथा वातावरणका क्षेत्रमा के कति क्षति पुग्न गयो? प्राकृतिक विपदबाट क्षतिग्रस्त भौतिक पुर्वाधारका संरचनाहरुको पुनःनिर्माण तथा मर्मत सम्भार गर्ने सम्बन्धमा प्रदेश सरकारको योजना के हो? अव्यवस्थित र अनियन्त्रित तवरका संरचना सुधार गरी प्राकृतिक विपदबाट सिर्जना हुने समस्याका कारण वर्षेनी नागरिकले खेपिरहनु परेको दुःख न्युनिकरण गर्न के कस्तो रणनीति तथा कार्ययोजना बनाएको छ? प्राकृतिक विपद् निम्त्याउन सक्ने के कति क्षेत्रहरुको पहिचान गरेको छ? सो क्षेत्रहरुको व्यवस्थापनका लागि प्रदेश सरकारले भावी योजना के बनाएको छ? भन्ने सम्बन्धी आवश्यक छलफल गर्नका लागि भौतिक पुर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवलाई समितिको आजको बैठकमा आमन्त्रण गरिएकोमा सचिवद्वयले विवरणहरु समितिलाई जानकारी गराउनुभयो । त्यसक्रममा समितिका माननीय सदस्यहरुले सचिवबाट प्रस्तुत भएका विवरणका सम्बन्धमा जिज्ञासा राख्नुभए पश्चात् मन्त्रालयका सचिवले समितिमा उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो।

२. अर्को सुचना जारी नभएसम्मका लागि समितिको आजको बैठक स्थगित भयो ।